**मन्थली नगरपालिका**
**नगरसभाको १४ औ अधिवेशन**
**२०८० पुस २५ मा**

***नगर प्रमुख श्री लव श्रेष्ठबाट वाचन गरिएको २०८० साउनदेखि पुस २० सम्मको प्रगतिको संक्षिप्त विवरण***

मन्थली नगर सभाको १४ औ अधिवेशनमा उपस्थित सभा सदस्यज्युहरु प्रमुख प्रशासकीय अधिकृतज्यु लगायत सबै कर्मचारी र अमन्त्रित पत्रकारज्युहरु सबैमा सआदर नमस्कार व्यक्त गर्दछु।

विगतदेखि निरन्तर रुपमा नगरले चालेका कदमहरुमा साथ सहयोग गर्नुहुने सभाका सम्पूर्ण सदस्यज्युहरु, क्रियाशिल राजनैतिक दल, विषयगत कार्यालय संघ सस्थालगायत नगरवासी आमावुवा, दाजुभाई दिदीबहिनीहरु नगरपालिकाको तर्फबाट हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछु । नगरपालिकाको काम र गतिविधिलाइ अझ राम्रो बनाउनका लागि रचनात्मक सल्लाह र सुझावहरुको लागि अनुरोध गर्दछु ।

अब म चालु आर्थिक वर्षको करिब ६ महिनामा मन्थली नगरपालिकाले गरेका कार्यहरुको बारेमा जानकारी गराउँदछु ।

## क. संस्थागत विकास र सुशासन

१. कार्यपालिकाका निर्णय र अन्य महत्वपुर्ण सूचनाहरु समयमै नगरपालिकाको वेब पेज र फेसबबुक पेज मार्फत सार्वजनिक गर्ने गरिएको छ । साप्ताहिक गतिविधिको प्रसारण गर्ने कार्य जिल्लाका ५ वटा रेडियोहरुबाट गरिदै आएको कार्यलाई निरन्तरता दिइएको छ । सेवा प्रवाह र विकास निर्माणका कार्यको प्रगति अवस्था बुझ्न र सुझाव र पृष्ठपोषण लिन वार्षिक समीक्षा कार्यक्रम गर्ने र प्रतिवेदन प्रकाशन गर्ने, विषयगत समितिका बैठकहरु नियमित बस्ने र कार्यपालिका बैठकमा समेत मासिक समिक्षा गरी सुधारका कार्य निरन्तर अगाडि बढाइएको छ ।

२. जनप्रतिनिधि लगायत कर्मचारीले गरेका कामका बारेमा गुनासो सुन्न र सूचना लिन गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्थाका गरिएको छ ।

३. सेवा प्रवाह निरन्तरताका लागि लागि कानुन वमोजिम जनशक्ति व्यवस्थापन (स्थायी माग र पदस्थापन, तत्कालका लागि सेवा करार, तहबृद्दि र कामकाज सरुवा आदि) नियमित गरिएको छ ।

४. नगर भित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा फाईवर ईन्टरनेट सम्पन्न गरी एकिकृति सुचना प्रवाह शुरु गरीएको ।

५. नियमनकारी निकायबाट माग गरिएका अभिलेख र सूचनाहरुलाई समयमै उपलब्ध गराइ सुशासनमैत्रि कार्यालयको अनुभुति दिलाइएको छ ।

६. अन्य पालिकाको असल अभ्यास सिकाइका लागि अध्ययन-अवलोकन, अन्तरक्रिया, समन्वय बैठक आदि कार्य नियमित रुपमा अगाडि बढाइएको छ ।

७. स्थानीय तह संस्थागत क्षमता स्व मुल्यांकनको मुल्यांकनमा हाम्रो नगरपालिकाको को समग्र व्यवस्थापकीय क्षमताको अंक गत वर्ष **७१.७५** नम्वर र वित्तीय सुशासन जोखिम न्युनिकरण मुल्यांकनमा समेत गत वर्ष **७८ अंक** सहित जिल्लाका पालिकाहरु मध्ये **प्रथम** भएको र यो वर्ष पनि **मापनको कार्य** भइरहेको छ ।

८. नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुबाटआन्तरिक राजश्व संकलन **रु ४ करोड ४३ लाख** आम्दानी हुने लक्ष्य राखिएकोमा हालसम्म **रु १ करोड ३२ लाख ९५ हजार ७६० रकम** आम्दानी भएको छ । यो कूल आय लक्ष्यको **३१** प्रतिशत हो ।

९. नगरपालिकाको मुख्य आम्दानिको स्रोतको रुपमा रहेको ढुंगा गिटी बालुवाको आय ठेक्का, ट्राफिक चोकमा रहेका सटर र तीनलाल पार्कको सञ्चालनका लागि पटक पटक सार्वजनिक सूचना गरि ठेक्का बन्दोवस्तीको प्रयास भइरहेको छ।

१०. नगरपालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा जम्मा १ अरव ४ करोड ५४ लाख ९२ हजारको वजेट स्वीकृत गरिएकोमा चालु आ. व.को पौष २४ गतेसम्म चालु खर्च २७% तथा पुँजीगत खर्च १२% र जम्मा खर्च २२% भएको छ ।

११. कार्यालयबाट हुने सबै प्रकारका भुक्तानी EFT बाट हुने गरिएको, VAT र TDS लाई सम्बन्धितको नाममा जम्मा गर्न र सामाजिक सुरक्षा कर, पारिश्रमीक कर र बहाल कर लगायतका कर ETDS गरि अनलाइन भौचिङ् प्रणाली मार्फत दाखिला गर्ने गरिएको साथै तालुक निकायहरुमा समयमै वित्तिय प्रतिवेदन गर्ने गरिएको छ ।

१२. नगरपालिकाको आ.व.०७७।७८सम्मको कुल वेरुजु १६ करोड ४ लाख ८९ हजार वेरुजु कायम रहेकोमा आ.व.०७८।७९ को संपरिक्षणबाट १२ लाख २४ हजार फछ्र्यौट गरी १५ करोड ९२ लाख ६५ हजार बाँकि रहेको र पुनः ०७८।७९ को अन्तिम लेखा परिक्षण प्रतिवेदनबाट ५ करोड २० लाख ५७ हजार थप हुँदा कुल २१ करोड १३ लाख २२ हजार कायम भएको छ। आर्थिक वर्ष ०७९।८० को अन्तिम लेखा परिक्षण सम्पन्न भैसकेको भए तापनि अन्तिम प्रतिवेदन प्राप्त नभैसकेको अवस्था छ । कर्मचारी र जनप्रतिनिधिको नाममा देखाएको वेरूजु रकमलाई कार्यालयबाट फछ्र्यौटको प्रकृया अगाडि बढाईनेछ ।

## ख. आर्थिक विकास क्षेत्र

१३. कृषकले शुरु गरेका जुनसुकै व्यवसायिक खेती प्रवर्दन र प्रोत्साहनका लागि सार्वजनिक सुचना मार्फत सूचीकृत गरेर उत्पादनमा आधारित अनुदान वितरण गर्ने कार्य गरिएको, समुहमा आधारीत र फर्ममा आधारित कृषि व्यवसायलाई प्रोत्साह्रन गर्न समुह दर्तालाइ प्राथमिकता दिइएको, कृषि तथा पशुपालन सम्बन्धि कार्यलाइ अन्तिम रुप दिइ प्रमाणीकरण गरिएको, खेतबारी र बँगैचामा रोग किरा लागेर बालि सखाप हुने अवस्थालाइ समयमै प्राथमिकतामा राखेर नियन्त्रण गर्ने कार्यलाइ निरन्तरता दिइएको, रासायनिक मल, विषादि र उन्नत वीउ विजनलाइ कृषक-उद्यमि समक्ष पुर्याउन विक्रेता छनौट गरी आपुर्ति सहज बनाइएको, कृषि तथा भेटेरीनरीमा जनशक्ति विकासका लागि यस वर्ष पनि छात्रवृत्ति प्रदान गरिएको, स्थानीय रैथाने बाली प्रवर्द्धनका लागि समुदायमा अभिमुखिकरण सञ्चालन गरिएको छ ।

१४. समुदायमा वाह्य ज्ञान, सीप र अनुभव भित्र्याउने र व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरी बजारीकरण गर्न हेफरसँगको साझेदारी कार्यक्रम अगाडि बढाइएको छ ।

१५. पशुसेवा तर्फ यस वर्ष प्रयोगशाला सहितको मेडिकल उपचार, गाइनाकोलोजी उपचार, माइनर सर्जिकल उपचार गर्नुका साथै महामारीको रुपमा फैलिएको लम्पिस्किन र रेविज रोग नियन्त्रणका लागि करिब १० हजार पशुहरुमा खोप लगाइएको, पशुहरुमा लाग्ने पिपिआर र एमएफडि विरुद्दको खोपको तयारी भएको, कृत्रिम गर्वाधानलाई प्राथमिकता दिइ सेवा विस्तार गरिएको, वडा नं १, ८ र ९ मा छाडा कुकुर नियन्त्रण गरी स्थायी बन्ध्याकरण र रेविज खोप शिविर सञ्चालन गरिएको, वडा नं ५ र ११ मा जुनोटीक र रेविज रोग नियन्त्रण शिविर मार्फत ३४०० पशुपंक्षीहरुमा सेवा प्रवाह भएको छ ।

१६. डेरिमा दुध विक्री गर्ने कृषकलाइ प्रतिलिटर दुई रुपैंया पचास पैसाका दरले अनुदानका लागि तथ्यांक संकलन र रुजु गर्ने कार्य भैरहेको छ । साथै हिउँदे घाँस विस्तारका लागि ५० प्रतिशत अनुदानमा जै घाँस विउ उपलब्ध गराइएको छ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लैजान स्थानीयस्तरमा श्रम गर्न प्रेरित गर्ने गरि श्रमिकले श्रमदान गर्न सक्ने प्रकृतिका योजना छनौट गरी लागत स्टमेट सम्बन्धी कार्य भइरहेको छ । साथै गत वर्षबाट शुरु भएको वैदेशिक रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृतिको कार्य समेत गरिएको र विदेशबाट फर्केका श्रमिकका लागि पुनः एकिकरण, सीपमूलक तालिमका लागि लगत संकलनको कार्य अगाडी बढेको छ ।

१८. समुदायमा आधारित लघु उद्यमी सिर्जना र विकासका साथै सेवा टेवा प्रदान गर्ने कार्यलाइ निरन्तरता दिदै यस आ व मा वडा नं ७ मा कार्यक्रम लागु गरिएको छ । अन्य स्थानमा व्यसाय तथा रोजगारी सिर्जना हुन सक्ने

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश नेपाल

तालिम प्रदान गर्ने र प्रविधिको सहयोग गरिएको छ । साथै सहकारी संस्थाहरुको संस्थागत विकास व्यवस्थापन र नियमनका कामहरु अगाडी वढाईएको छ ।

१९. वैदेशिक रोजगारीमा जान लागेका र गएका व्यक्ति र परिवारलाई लक्षित गरी यस सम्बन्धी जानकारी दिनका लागि वित्तीय साक्षरता कक्षा, सुरक्षित रोजगारी बारेका सूचना तथा सन्देश, मनोपरामर्श र कुनै घटना वा दुर्घटनाका कारण हिंसा वा अप्ठेरोबाट पिडित हुन पुगेकालाई समन्वय र सहयोग गर्ने गरी सुरक्षित आप्रवासन सामी कार्यक्रम मार्फत प्रभावकारी सेवा उपलब्ध गराइएको छ ।

## सामाजिक विकास क्षेत्र

२०. नगरपालिका भित्र सञ्चालनमा रहेका ६७ वटा सामूदायिक विद्यालयहरु मध्ये ४१ विद्यालयमा खुला प्रतिष्पर्धाको माध्यमबाट प्रधानाध्यापक नियुक्ति र व्यवस्थापन गरिएको छ ।

२१. विद्यार्थीहरुमा रहेका आन्तरिक प्रतिभा प्रस्फुटनको लागि माध्यमिक स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, खुला विज्ञान सामग्री प्रर्दशनी र वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको छ ।

२२. समाजमा रहेका वालविवाह, छुवाछुत जस्ता कुरिति र लागु औषध प्रयोग जस्ता कुलत हटाउने उद्देश्यले १० वटा सामुदायिक माध्यमिक विद्यालयमा स्वास्थ्य सम्बन्धी र सडक नाटक कार्यक्रम सञ्चालन गरिएको छ ।

२३. विद्यालय निरीक्षण एवं सुवरिवेक्षण कार्यलाई निरन्तरता दिइनुका साथै प्र अ बैठकलाई आवश्यकतानुसार भौतिक उपस्थिति र अनलाइनबाट समेत सञ्चालन गरिएको छ ।

२४. नगरपालिका भित्रका २४ वटै स्वास्थ्य संस्थाबाट नेपाल सरकारको मापदण्ड वमोजिम प्रतिकारात्मक निदानात्मक र उपचारात्मक सेवाका साथै नि:शुल्क पाउने औषधि समेत नियमित प्रवाह हुने व्यवस्था मिलाइएको र यस्तो सेवा लिने संख्या हालसम्म सबै संस्थाको गरी ५८ हजार ३९८ पुगेको छ ।

२५. मन्थली अस्पतालमा १५ शैय्या सञ्चालन गरी USG मेशिन र Lab को औजार उपकरणको व्यवस्था गरी सि.ई.ओ.एन.सी तथा ओ.सी.एम.सी सेवा कोभिड-१९ तथा डेंगु रोग रोकथाम/उपचार सेवा, आँखा सेवा, दाँत उपचार सेवा, फिजियोथेरापी सेवा सर्पदंश उपचार तथा कुकुरको टोकाइबाट बच्ने ARV सेवा, स्क्रव टाइफस परीक्षण र निदान सेवा, सुरक्षित मेडिकल एवोर्सन सेवा, पोष्ट मार्टम सेवा, ब्लड बैंक सेवा , स्वास्थ्य विमाको फार्मेसी लगायतका सेवा सञ्चालन गरी जिल्लाकै नमुना अस्पतालको रुपमा विकास र विस्तार गरिएको छ। दैनिक कम्तिमा १५० जना विरामीको परीक्षण र उपचार भैरहेको छ । निकट भविष्यमा टेलीमेडिसिन सेवा, थाइराइड परीक्षण लगायतका सेवा विस्तार र केही विशेषज्ञ उपचार सहितका शिविरको तयारी गरिएको छ ।

२६. नगरभित्रका गर्भवती /सुत्केरी महिलाहरुका लागि आउने जाने र रिफर भएको अवस्थामा निशुल्क एम्बुलेन्स सेवा र सुत्केरीसँग उपमेयर कार्यक्रम अन्तर्गतका सामाग्री उपलब्ध गराइएको छ । छोरीको जन्मलाई प्रोत्साहनका लागि सन्तती बचत प्रोत्साहन कार्यकम लागु गरिएको छ ।

२७. दीर्घरोग लागेका ४२ जना विपन्न नागरिकहरुको उपचारका लागि विभिन्न अस्पतालहरुमा विपन्न नागरिक औषधि उपचारको सिफारिस गरिएको र ८२ जना दीर्घरोगी नागरिकहरुलाई उपचार खर्च वापत मासिक रु ५,००० का दरले रकम उपलब्ध गराइएको छ ।

२८. महामारीको रुपमा फेलिएको आँखा पाक्ने रोगमा परीक्षण, निदान र उपचारका काम तत्काल गरेर विद्यालयहरुमा परीक्षण शिविर समेत सञ्चालन गरी करीव ६ हजार जनाले उपचार लाभ पाएका छन् ।

२९. आयुर्वेद केन्द्रको साझेदारीमा जिमशाला सञ्चालन गरिएको र चिसापानि आयुर्वेद औषधालयमा पञ्चकर्म लगायतका थप सेवा विस्तार गरिएको छ।

३०. वालमैत्री स्थानीय शासनयुक्त नगर बनाएर समय सीमामा घोषणा गर्ने तयारीका लागि अन्य पालिकाहरुको अध्ययन अवलोकन एवं असल सिकाइ अनुभव लिएर तयारीका चरणबद्द कामहरु निरन्तर सञ्चालन गरिएको छ।

१०. नगरपालिकाको स्थानीय संचित कोष व्यबस्थापन प्रणालीमा जम्मा १ अरव १३ करोड ५ लाख ४३ हजारको वजेट स्वीकृत गरिएकोमा चालु आ. व.को पौष २४ गतेसम्म चालु खर्च २७% तथा पुँजीगत खर्च १२% र जम्मा खर्च २२% भएको छ ।

११. कार्यालयबाट हुने सबै प्रकारका भुक्तानी EFT बाट हुने गरिएको, VAT र TDS लाई सम्बन्धितको नाममा जम्मा गर्न र सामाजिक सुरक्षा कर, पारिश्रमीक कर र बहाल कर लगायतका कर ETDS गरि अनलाइन भौचिङ् प्रणाली मार्फत दाखिला गर्ने गरिएको साथै तालुक निकायहरुमा समयमै वित्तिय प्रतिवेदन गर्ने गरिएको छ ।

१२. नगरपालिकाको आ.व.०७७।७८सम्मको कुल वेरुजु १६ करोड ४ लाख ८९ हजार वेरुजु कायम रहेकोमा आ.व.०७८।७९ को संपरिक्षणबाट १२ लाख २४ हजार फछ्र्यौट गरी १५ करोड ९२ लाख ६५ हजार बाँकि रहेको र पुनः ०७८।७९ को अन्तिम लेखा परिक्षण प्रतिवेदनबाट ५ करोड २० लाख ५७ हजार थप हुँदा कुल २१ करोड १३ लाख २२ हजार कायम भएको छ। आर्थिक वर्ष ०७९।८० को अन्तिम लेखा परिक्षण सम्पन्न भैसकेको भए तापनि अन्तिम प्रतिवेदन प्राप्त नभैसकेको अवस्था छ । कर्मचारी र जनप्रतिनिधिको नाममा देखाएको वेरूजु रकमलाई कार्यालयबाट फछ्र्यौटको प्रकृया अगाडि बढाईनेछ ।

## ख. आर्थिक विकास क्षेत्र

१३. कृषकले शुरु गरेका जुनसुकै व्यवसायिक खेती प्रवर्दन र प्रोत्साहनका लागि सार्वजनिक सुचना मार्फत सूचीकृत गरेर उत्पादनमा आधारित अनुदान वितरण गर्ने कार्य गरिएको, समुहमा आधारीत र फर्ममा आधारित कृषि व्यवसायलाई प्रोत्साहन गर्न समुह दर्तालाइ प्राथमिकता दिइएको, कृषि तथा पशुपालन सम्बन्धि कार्यलाइ अन्तिम रुप दिइ प्रमाणीकरण गरिएको, खेतबारी र बँगैचामा रोग किरा लागेर बालि सखाप हुने अवस्थालाइ समयमै प्राथमिकतामा राखेर नियन्त्रण गर्ने कार्यलाइ निरन्तरता दिइएको, रासायनिक मल, विषादि र उन्नत वीउ विजनलाइ कृषक-उद्यमि समक्ष पुर्याउन विक्रेता छनौट गरी आपुर्ति सहज बनाइएको, कृषि तथा भेटेरीनरीमा जनशक्ति विकासका लागि यस वर्ष पनि छात्रवृत्ति प्रदान गरिएको, स्थानीय रैथाने बाली प्रवर्द्धनका लागि समुदायमा अभिमुखिकरण सञ्चालन गरिएको छ ।

१४. समुदायमा वाह्य ज्ञान, सीप र अनुभव भित्र्याउने र व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरी बजारीकरण गर्न हेफरसँगको साझेदारी कार्यक्रम अगाडि बढाइएको छ ।

१५. पशुसेवा तर्फ यस वर्ष प्रयोगशाला सहितको मेडिकल उपचार, गाइनाकोलोजी उपचार, माइनर सर्जिकल उपचार गर्नुका साथै महामारीको रुपमा फैलिएको लम्पिस्किन र रेविज रोग नियन्त्रणका लागि करिब १० हजार पशुहरुमा खोप लगाइएको, पशुहरुमा लाग्ने पिपिआर र एमएफडि विरुद्दको खोपको तयारी भएको, कृत्रिम गर्वाधानलाई प्राथमिकता दिइ सेवा विस्तार गरिएको, वडा नं १, ८ र ९ मा छाडा कुकुर नियन्त्रण गरी स्थायी बन्ध्याकरण र रेविज खोप शिविर सञ्चालन गरिएको, वडा नं ५ र ११ मा जुनोटीक र रेविज रोग नियन्त्रण शिविर मार्फत ३४०० पशुपंक्षीहरुमा सेवा प्रवाह भएको छ ।

१६. डेरिमा दुध विक्री गर्ने कृषकलाइ प्रतिलिटर दुई रुपैंया पचास पैसाका दरले अनुदानका लागि तथ्यांक संकलन र रुजु गर्ने कार्य भैरहेको छ । साथै हिउँदे घाँस विस्तारका लागि ५० प्रतिशत अनुदानमा जै घाँस विउ उपलब्ध गराइएको छ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लैजान स्थानीयस्तरमा श्रम गर्न प्रेरित गर्ने गरि श्रमिकले श्रमदान गर्न सक्ने प्रकृतिका योजना छनौट गरी लागत स्टमेट सम्बन्धी कार्य भइरहेको छ । साथै गत वर्षबाट शुरु भएको वैदेशिक रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृतिको कार्य समेत गरिएको र विदेशबाट फर्केका श्रमिकका लागि पुनः एकिकरण, सीपमूलक तालिमका लागि लगत संकलनको कार्य अगाडी बढेको छ ।

१८. समुदायमा आधारित लघु उद्यमी सिर्जना र विकासका साथै सेवा टेवा प्रदान गर्ने कार्यलाइ निरन्तरता दिदै यस आ व मा वडा नं ७ मा कार्यक्रम लागु गरिएको छ । अन्य स्थानमा व्यसाय तथा रोजगारी सिर्जना हुन सक्ने

४३. मन्थली वजारलाई उज्यालो शहरको रुपमा विकास गर्न विद्युत प्राधिकरणको सहयोगमा हाइमष्ट लगाएतका सडक वत्ती निर्माण गरी सुचारु गरिएको र अन्य वजार क्षेत्रमा क्रमश विस्तारको तयारी गरिएको छ ।

४४. वडा कार्यालयहरु निर्माण हुन बाँकी वडाहरुमा वडा कार्यालय भवन निर्माण तथा सवै वडा कार्यालयहरु जोड्ने मुल सडकहरु स्तरोन्नतीका लागि प्रदेश तथा संघीय कार्यलयसँग प्रस्ताव र समन्वय भइरहेको छ ।

## घ. विवाद निरुपण

४५. यस आ.व.मा न्यायिक समिति समक्ष १२ वटा विवादहरु दर्ता भएका छन् । गत वर्षबाट जिम्मेवारी सरी आएका १० वटा सहित २२ वटाको मेलमिलाप र विवाद निरुपणको कार्वाही अगाडि बढाइएकोमा २ वटा विवादको फछ्र्यौट गरिएको छ । वडामा गठन भएका मेलमिलाप केन्द्रको अनुगमन गरी मेलमिलाप कर्ता, वडा समिति र न्यायिक समितिको वीचमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ । साथै उत्पन्न हुने विवाद स्थानीयस्तर मै निराकरण गर्न सवै वडामा मेलमिलाप केन्द्रहरु सञ्चालन गरिएको छ ।

**नगरसभाका सदस्यज्युहरु,**

हामीले गत असारमा नगरसभाबाट स्वीकृत गरेका वजेट कार्यक्रम मध्ये प्रमुख विषयहरुमा आधारित भइ यो गतिविधि विवरण यस सभामा तपाईहरु समक्ष जानकारी गराएको छु । छुट हुन गएका र सुधार गर्नुपर्ने विषयमा यहाँहरुले खुला रुपमा सुझाव र टीप्पणी गर्नु हुन पनि अनुरोध गर्दछु ।

हामीले शुरु गरेका विकास प्रयासमा सबै निकायहरुको सकारात्मक सहयोग हुन नसकेमा कुनै पनि कार्यक्रम वा योजनाबाट अपेक्षित परिणाम सहितको सेवा वा लाभ लिन नगरपालिकाले मात्र सक्दैन। त्यसैले देहायका विषयमा मन्थली नगरसभाको यस बैठकबाट विषय उठान गरेर उचित निर्णय लिन र सम्बन्धित निकायमा ठोस पहल गर्न आह्वान समेत गर्दछु ।

## विविध

१. **गौरबको रुपमा अगाडि बढाइ संचालनमा रहेको १५ वेडको मन्थली नगर अस्पतालमा सेवाग्राहिको अत्याधिक चाप भएको र स्तरोन्तिको माग भईरहेको हुदा ५० वेडको प्रादेशिक अस्पतालमा स्तरोन्नतिको लागि** वागमति प्रदेश सरकार समक्ष पुनः अनुरोध गर्दछु ।

२. वागमती प्रदेश सरकार र नगरपालिकाको ६०/४० साझेदारीमा निर्माण सम्पन्न हुन गईरहेको कृषि उपज चिस्यान केन्द्रलाई ६०/४० कै लागत साझेखारीमा संचालन गर्ने तयारी भईरहेको छ । संचालनका लागि केहि साना पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन वागमती प्रदेश सरकार समक्ष पुनः अनुरोध गर्दछु ।

अन्त्यमा, यस सभाको बैठकको शुरुवात कार्यक्रममा उपस्थित सवैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै नगरपालिकाबाट सञ्चालन हुने सबै खाले काम कार्वाहिमा सकारात्मक सहयोगको अपेक्षा र विश्वास लिदै सभाको कार्यसूचिमा प्रवेश गर्नु भन्दा पहिले सभाको खुला सत्रलाइ यहिं समापन गर्न चाहन्छु ।

धन्यवाद ।

मिति २०८०/९/२५

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश नेपाल

लव श्रेष्ठ
नगर प्रमुख
मन्थली नगरपालिका